कीर्तिपुरको चित्रण

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

# कीर्तिपुर सन्देश

KIRTIPUR SANDESH WEEKLY

साप्ताहिक

वर्ष ६ अंक ४९ (संयुक्तांक ३०३) ने.सं. ११३७ दिल्लाथ्व द्वादशी बुधवा: २०७४ आषाढ २१ गते बुधवार (Jul 05, 2017) मूल्य रु.१०/- पृष्ठ १६




## ‘सेवामा समर्पित’

## ट्रि मेडिया प्रा. लि.

कीर्तिपुर, काठमाडौं । फोन नं.: ०१-४३३१८८२

Email: treemedianp@gmail.com | www.facebook.com/Treemediapvtltd

विज्ञापन तथा अन्य मिडिया सम्बन्धि सम्पूर्ण सेवाहरू

# मेरो दाइ ध्रुब दाइ (एक समिक्षा



प्रशान्त महासागर

जीवनमा सबै कुरा, सबैलाई थाहा हुँदैनन् । थाहा हुने त्यो मान्छे पनि होईन् । यो मैले भन्दा कसैलाई हाँसो उठ्न सक्छ, त्यो भनेको हाँस्ने बहाना रोज्न सक्छ भन्ने नै हो । र रुने कुरा भनेको खोज्नै पर्दैन् त्यो त सास फेरे देखि साससँगै बाफिएर झरि र हेकै छ । देख्नु, नदेख्नु योग्य सोचको परिणाम हो । यो त भयो जीवनका केहि कुरा जुन कति थाहा थिए भने कति अझै पनि जन्मसँग मृत्यु जस्तै बुझ्न बाँकी नै छ । र मैले यी कुरालाई अगाडि सार्नु भनेकै मेरा केहि मैले बुझेका शब्दहरुलाई अर्थ सहित अक्षरमा रुपान्तरित गर्न खोज्नु नै हो जुन कतिलाई पूनः हाँसो वा तीतो पनि लाग्न सक्छ । त्यो भनेको केवल क्षमता पूर्तिको योग्यता नै हो । यसमा हामी वा अरु अरुमा विवादका कुराहरु जन्माउनु हुन्न भनी सोची मर्नुपर्छ किनभने विवादकै कारण हामी पछि छौं । अन्धकार, अज्ञानता, अशिक्षा बेरोजगार भन्ने शब्दहरुका मसिहरु बनी पोखि रहेका छौं । प्रयोग वा प्रतिष्ठाविना कुनै शब्द बनी खर्चमा छौं जुन आम्दानीका कुनै निशानीहरु देख्न त परै जावस महसुस, हेक्कासम्म पनि गर्न सक्ने क्षमतामा हामी छैनौं । तर सहनमा भने हामी नेपालीहरु सक्षम नै छौं । र नेपालीहरुकै सवालमा कुरा गर्नु पर्दा मैले चिनेको दाई ध्रुब दाईको कुरा गर्नुपर्छ जस्तो मलाई लाग्छ ।

ध्रुब दाई एक वरिष्ठ ईन्जिनियर जो कीर्तिपुरको हाल चुनावी परिणाम स्वरुप चौथो प्रमुख जस्को मत भनेको १५५१ ल्याई १५५१ का लागि जित र बाँकी अरुका लागि हारेको व्यक्ति हुनुहुन्छ । र उहाँ नयाँ शक्ति पार्टि नेपालको कीर्तिपुरको प्रमुख पदको उम्मेदवार हुनुहुन्छ भने उहाँ हार्नु पछाडिको एउटा रहस्य भनेको पूनः निरन्तर जित्नको लागि प्रयत्न गर्ने अवसर हो । अर्को नयाँ शक्ति के हो नबुझ्नु एउटा कमजोरी जन मानसमा छँदैछ भने संघिय समाजवाद फोरमलाई एक मधिशे हो जस्ले नाकाबन्दी ताका आम उपत्यका बासी सजाय दिएको थियो भन्ने गलत सूचना प्रवाह गर्नु र मशाल चिन्हलाई चुनावी चिन्हको रुपमा नयाँ शक्तिले ग्रहण गर्नु थियो । त्यस्तै कहिले के कहिले के भन्ने बुझ्नु जस्तो कि कुनै बेला गाई चिन्ह प्रयोगमा दाई हुनु र अहिले मशाल हुनुले अडानको कमीलाई विकाससँग जोड्नु थियो । र मैले बुझेकै कुरा भन्ने हो भने सबै व्यक्तिवादि खराब हावी सोचलाई त्यागी शुरुकै दिन देखि मानौं जग राखी नेपालीहरुको लागि महलको परिकल्पना एक नयाँ शक्ति हो भने दाईको विषयमा व्यक्तिवादि हावी पार्टि नछान्नु नै प्रमुख कारक हुनु हो कि कुनै बेला गाई कुनै बेला नयाँ शक्ति त्यो पनि संघिय समाजवाद फोरमको चुनाव चिन्ह मशाल प्रयोग गर्नुमा । र मशाल नै किन भन्ने सवालमा नयाँ शक्तिलाई चुनाव चिन्ह नदिंदाको अवस्थामा कार्यगत एकताको लागि प्रयोग गरिएको यथार्थता हो । यी कुराहरु नबुझेको हुनाले नयाँ शक्ति ओझलमा मात्र परेको हो ।

अब रह्यो नयाँ शक्ति नेपाल के हो ? र उहाँ नयाँ शक्ति नेपालमै किन आबद्ध हुनुहुन्छ ?

आम जनमानसमा यो लाग्न सक्छ कि व्यक्ति विशेषहरुको हिसावले माओवादीबाट फुटेको व्यक्तिहरुको समूह पार्टि । कसैको पराजयमा रम्ने एक जत्था । विध्वंस वा आतंकको अर्को रुप । यो भनेको सोचसिकको कमी कमजोरी हो जस्मा म पूनः विवादका कुराहरु पस्किन चाहन्न किनभने देश पछि परेको छ । र मैले त्यसो होईन् भन्दा विश्वास नलाग्ला सक्छ किनभने अनुहार सबै त्यस्तै छन् जुन व्यवहार बाँकी नै छ । र नयाँ शक्ति नेपालले आफुलाई वैकल्पिक राजनैतिक शक्ति भनिएको छ । हुन त कुनै कुरा भन्ना साथ नेपालीहरुले ग्रहण नै गर्छ वा गर्न सक्छ भन्ने कुराहरु धेरै नै न्युन छन् भने पचाउने वा ग्रहण कुराहरु गर्ने हो भने स्वतःस्फुर्त हुने कुनै ग्रन्थीको कमको महसुस गर्दछु साथै सुनाएका वा भनिएका जतिसुकै झुठकै प्रतिबिम्ब भए पनि कसैले सत्य भनिएको खण्डमा हो नै भनी मान्ने चलन छ । जस्को कारण समयले हामीलाई धेरैमा रुपान्तरित गरिएका छन् । त्यो भनेको समूहगत रुपमा वृहत बनि सकेपछि हामी नेपालीहरु दुई चरणमा विभाजित भयौं त्यो भनेको राणा र राजा नै हुन् । र राणा फाल्न हाम्रा पूर्खाहरु शहिद शब्दबाट विभूषित पनि भए । हाल ती शहिद शब्द एक अमानित शब्दमा पनि रुपान्तरित भए त्यो दुःख हो या सुख विश्लेषण हुन बाँकी नै छ ।

राणा फालि सकेपछि राजा पनि राणाकै हुबहुमा देखा परे भन्दै काँग्रेस जन्मे भने काँग्रेसका व्यक्तिहरुका आचरणमा राजा जस्तै हुन थालेको महसुसले पञ्चायत जन्मे । त्यसकै कोलाहलमा केहि हद काँग्रेस ठीक लागे पनि जनमानसको विश्वासले जिवन्त अभिनय कार्य सफल गर्न सकेनन् । फलत पूनः नयाँ शक्ति वा वैकल्पिक शक्ति भनेर नेपालको सन्दर्भमा कम्युनिष्ठहरु जन्मे । र समय सापेक्षिक विभिन्न चरणबद्ध आन्दोलनहरुले पञ्चायतको हत्या गरिईयो जस्मा काँग्रेस र कम्युनिष्ठहरुको संयुक्त संघर्ष परिणाम थियो ।

त्यति बेला मेरो दाई ध्रुब दाई २०१२ साल माघ २५ जन्मेको यथार्थतालाई अगाडि सार्ने हो भने उहाँ त्यति बेला ३४ वर्षको हुनुहुन्छ भने कम्युनिष्ठ भनेर जन्मेकै साल २०२८ जुन झापा विद्रोह इतिहासमा दर्ता भएको थियो, उहाँ त्यति बेला सिक्किम मुक्ति संघर्षमा जेल कार्वाहीमा पर्नु भएको थियो भने कम्युनिष्ठ, काँग्रेसका केहि सिकहरु बुझ्ने भई सकेका थिए । र हाल पनि गोर्खाल्याण्ड भन्दै विद्रोह वा संघर्ष चर्केकै छ । र २०३० सालमा आफ्नो क्षमता विकासको लागि, ईन्जिनियर पढ्नको लागि रसिया जानु भयो भने २०३७ सालमा नेपाल फर्केर आफ्नो जीवनलाई निरन्तरता दिनु भयो । कार्य कौशललाई नित्य मान्दै जीवन बिताउँदै जाँदा २०४६ मा पञ्चायत ढले त्यसको पनि एक साक्षि बन्नु भयो ।

नेपालमा पञ्चायत ढले पछि बहुदल आए, जन्मेका कतिपय पार्टिहरु नयाँ भन्दै पुरानै हुने होडमा लागे । जेल जीवन बिताउनेहरु सबै नेतामा कहलिए वा भए । व्यक्ति सोचका हाबिहरुले गर्दा जन्मेका प्रत्येक पार्टिहरु नराम्रो भन्ने सन्देश प्रवाह भए । जब कि कुनै पनि संस्था जन्मिनु वा उदयका कारणहरु हेर्ने हो वा सैद्धान्तिक कुराहरुलाई साँच्चिकै मनन गर्ने हो भने कुनै कोही पनि नराम्रा वा खराबका हुने छैनन् । मात्र प्रयोग र उद्देश्य विपरित गलत स्वार्थहरु हाबि गराउने वा प्रविधि नै त्यही हो भनेर, हो मा हो मिलाउने शक्ति भक्तिका कुराहरुले सबै राम्रा नराम्रा भएका हुन् । जस्को कारण कम्युनिष्ठहरु शब्दमा मात्र जन्मे पनि रुप फेरेर काँग्रेसकै पोशाकमा प्रस्तुत भए । चप्पल लगाए पढ्न भनी सिद्धान्त बोकी आएकाहरु सर्वहारा वर्गका धनी कम्युनिष्ठहरु नेता भए भने पूनः जनताहरुले वैकल्पिक राजनैतिक शक्ति खोजे । र नयाँकै खोजमा पून दश वर्ष जनयुद्ध भए जस्मा धेरैको जिउधन नष्ट भए । नयाँ शक्ति वा वैकल्पिक शक्ति बनी माओबादी उदय भए । त्यतिखेर नयाँ शक्ति भनेर उदयको जनशक्ति एवम् विकास पक्षधर शक्ति जङ्गलमा थिए भने एमाले वा काँग्रेस जो छन् दुबै नपच्नुको कारण मेरो दाई ध्रुब दाईले विकासकै लागि, समस्या समाधानकै लागि पञ्चायत वा राजा पक्षधर रोजे वा भए, कुनै बेला पदमरत्न तुलाधरले पञ्चायत रोजेर त्यसको अन्त्य चाहे जस्तै । देशमा पञ्चायत वा राजालाई तिरस्कृत गरि रहेकै बेला त्यो रोज्नु भनेको आफ्नो स्वार्थपूर्ति गर्न नभई विकास र समृद्धिकै लागि आगोमा हामफाल्नु हो । अफसोच मन्द बुद्धिका म जस्ता अनेक कीर्तिपुरेहरुले स्वार्थसिद्धकै रुपमा महसुस गरे जुन गलत हो सबैलाई बुझाउन उहाँले ५८ दिनकै कार्यकालमा पुष्टि गरि दिए । तर पनि पञ्चे भन्न चाहि छोडिएनन् कारण राम्रोको चर्चा परिचर्चा गर्दा नराम्राहरु त्यतिकै ओझेल पर्छन् नै । यो सिद्धान्तलाई अनुशरण गर्नुले या भनौं खराबी कुराहरुले गर्दा उहाँमा दाग लागे । भनिन्छ झुठा कुरा पनि चर्को ठूलो स्वरले चिच्याउन सकेको खण्डमा नेपाली समाजमा साँचो सत्य हुन्छ भन्थे मलाई त्यस्तै लागेको छ ।

उहाँकै कार्यकालमा कीर्तिपुर नगरपालिका कर्मचारी केहि हद ईमानदार भएका थिए भने कीर्तिपुर नगरपालिकालाई सुधार्नु पर्छ भन्ने व्यक्ति पनि उहाँ नै हुनुहुन्छ । यो हामीले पूर्वाग्रह त्यागी हो भन्न सक्नुपर्छ । आफ्ना विभिन्न कारणवश आफु कीर्तिपुरमा नबस्दा नि जन्मकै आधारलाई ठूलो मानेर यहाँको समस्यालाई समाधन गर्नुपर्छ भनी निरन्तर लागी पर्नु भएको व्यक्ति पनि उहाँ हुनुहुन्छ । मेरो दाई ध्रुब दाई जस्ले विभिन्न प्रलोभनहरु त्यागी जुन विकास र समृद्धिको लागि प्रमुख पदको लागि उम्मेदवारी दिनु भो र हार्नु भो । अरुलाई लाग्न सक्छ कि त्यो हार उहाँको हो । तर म सम्पूर्ण विकास प्रेमी कीर्तिपुरेहरुको हार हो भन्ने कुरामा विश्वास राख्दछु । र उहाँको हार्नु पछाडिका कुराहरु के थिए भन्ने सवालमा सर्वप्रथम त नयाँ शक्ति एउटा वैकल्पिक राजनैतिक शक्ति हो भन्ने कुरा बुझेनन् । अर्को उहाँ विकास प्रेमी भनेर बुझ्न छोडेर कुनै बेला पञ्चे अहिले अन्तै लाग्नु र भोली अन्त लाग्छ भन्ने गलत सोचले आम जनमानसको मस्तिष्क पखाल्नु नै थियो भने खराबले असललाई खराब भन्न सक्नु नै हो । र जनताले सहजै बुझेको भनेको पञ्चे मेरो दाई ध्रुब दाई र माओबादी डा. बाबुराम भट्टराई ज्यु मिल्नु वा मिलेको भनेर चेतना ग्रहण गर्नु हो । जब कि दुबैको खुड्किलो भनेको भर्खर हिड्न सिकेको बालकहरुको जस्तो नै हो । विकास र समृद्धिको लागि आर्थिक क्रान्ति नै चाहिन्छ भन्ने सोचमा मेरो सोच मिल्नु नै हो । अफसोच यो कुरालाई कीर्तिपुरका आम जन मानसले कृष्ण जन्मको कथालाई ओझेल पारेको सिवाय अरु केहि होईनन् । कंशका मतियारहरुले जसरी कृष्ण जन्मिन खोज्दा अनेक षडयन्त्रलाई अपनाए ठीक त्यति मात्र कारणले जितको पछाडि मेरो दाई ध्रुब दाई पर्नु भएको थियो । त्यस्तै अर्को कुरा नयाँ शक्ति पार्टि नेपाललाई सबैले आफ्नो पुज्यनिय शत्रु माने कारण खराब, असल हुन नचाहेको मात्र हो । असलको वीउ बोट बन्यो भने घाँसपातहरु ओईलिन्छन् सोच्नु नै हो भने कमिशनमा चलेका आम्दानीहरु बन्द होला भनेर आफ्नै खुट्टा काटेर मात्र भत्ता अपाङ्गताको चाहेको कुरा बिर्सिनुले मेरो दाई ध्रुब दाई हारेको हो । र हारको लक्ष्य भनेकै जित हो । यो सबै दलका व्यक्तिहरुले बुझ्नु आवश्यक छ भने जितको अर्थ निकट भविष्यमा हार्न होईन् भनी कार्य पारदर्शिता, दूरदर्शिता अपनाएर देश, समाज र जनताको लागि आर्थिक समृद्धि चाहनु सबैको दायित्व हो । आपसि सद्भावपूर्ण कार्य गर्नु सबैको कर्तव्य हो । र सर्वहारा लुट्ने व्यक्ति नेता कहिल्यै हाम्रो होईन् अब त्यो कुरा जनताले भन्नुपर्छ । राष्ट्रिय ढुकुटी घर खर्च चलाउने, स्वास्थ्य किन्ने जनता बेच्ने कुनै पनि हूलयुक्त दल चाहिदैन् यो नयाँ शक्ति पार्टिको माग हो । नयाँ शक्ति सबैभित्रको राम्रो सचेतना पनि हो जस्ले आर्थिक सामाजिक समृद्धि चाहेको छ । नयाँ शक्तिभित्र सबै सच्चा व्यक्तिहरु अँटेका छन्, स्वागत पनि छन् । कुनै बेला कोही कतै थिए भने अहिले एकै ठाउँमा राम्रो व्यक्ति भएर बसौं भन्ने आह्वान पनि नयाँ शक्तिले गरेको छ । राजनैतिक क्रान्ति पछिको बाटोको आर्थिक समृद्धि नै हो भनेको छ । यदि यो कुरा साँचो हो, सत्य हो भने मनुष्य धर्मले त्यसलाई स्विकार्न सक्नुपर्छ, स्विकार्छन् भन्ने विश्वास लिएको छु ।

अन्तमा, दलहरु सबै राम्रो नै हुन् । म यो मात्र भन्दिन कि नयाँ शक्ति नै सर्वश्रेष्ठ राम्रो पार्टि हो किनभने शब्द भाषामै सर्वश्रेष्ठ भनेर मनुष्यलाई जनाउने गर्थे भने मनुष्य जतिको भ्रष्ट प्राणी अरु छैन् । मनुष्य आफै भ्रष्ट हुनुको कारणले मात्र नेपालमा भएका पार्टिहरुभित्र राम्राहरु( सच्चाहरु, व्यक्तिवादि सोच(खराब स्वार्थको हाबिले नराम्रो हुनु पर्ने बाध्यता सृजना भएको हो । अतः आफु आफ्ना राम्रा सोचहरुका संरक्षण, सम्वर्धनको खाँचो छ सोच्नु हुन्छ भने नयाँ शक्तिको ढोका सदा खुल्ला छ । व्यक्तिवादि सोच त्याग्न सक्छु वा म खराब स्वार्थभित्र पर्दिन सोच्नु हुन्छ भने नयाँ शक्ति सदा स्वागत गर्न तत्पर एवम् व्याकुल छ ।र नयाँ शक्ति नेपाल भनेको काँचो माटो हो, साँचो बाटो पनि हो, थप्न चाहें । जीवन मन्थनको अथाह प्रयास पनि नयाँ शक्ति हो । त्यसैले त्यसभित्र सच्चा शुद्ध हुन्छ वा बन्छु भन्ने सबै सामेल भएका हुन् भने यो कसैको षडयन्त्र वा कुनै खराबलाई हो भन्न जन्मेको होईन् । विकासको लागि उत्पादन र आर्थिक समृद्धि खाँचो छ भन्न नै मेरो दाई ध्रुब दाई नयाँ शक्ति बन्नु भएको हो भने डा. बाबुराम भट्टराई ज्युले उक्त संगठन या भनौं सूत्र प्रतिपादन गर्नु भएको हो । सबैमा यो जानकारी होस् । र पूनः यो कुनै व्यक्तिवादि सोच वा लाशमाथि नै कर उठाउनु पर्छ भनी सोची देश चलाउने शक्ति बन्न जन्मेको हूल होईन् । म लगायत मेरो दाई ध्रुब दाई साथसाथै समस्त नयाँ शक्तिमा आबद्धहरु हुनु हुनेहरु कदापि त्यो बाटोमा हिड्ने छैन् जस्को लक्ष्य केवल दूर्घटनासम्म मात्र पुग्ने थियो वा हुनेथियो ।

कीर्तिपुरको चित्रण

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

# कीर्तिपुर सन्देश

KIRTIPUR SANDESH WEEKLY

साप्ताहिक

वर्ष ६ अंक ४९ (संयुक्तांक ३०३) ने.सं. ११३७ दिल्लाथ्व द्वादशी बुधवा: २०७४ आषाढ २१ गते बुधवार (Jul 05, 2017) मूल्य रु.१०/- पृष्ठ १६

# बाघभैरव नाच देखाउने माली गुथिमा आयो समस्या

**कीर्तिपुर सन्देश साप्ताहिक**

हजारौं बर्षदेखि लगातार रुपमा कीर्तिपुरको पहिचान गथु प्याखं अर्थात बाघभैरव नाच देखाउदै आएको श्री बाघभैरव माली गुथिमा समस्या आएको छ। प्रत्येक १२ बर्षमा देखाइने सो नाच दुई बर्ष अघि मात्र देखाइएको थियो।

त्यो समस्या गुथिमा नयाँ नेतृत्वका लागि वा आन्तरिक कुनै किसिमको समस्या हैन गुथि घरको समस्या हो। घटना विवरण अनुसार आज भन्दा दुई महिना अघि कीर्तिपुर नगर पालिका वडा नं. १ स्थित थांबहाल टोलमा भएको गुथि घरमा आगलागी भएको थियो। आगो लागेर अलपत्र परेका काठ लगायत सामानहरु पन्छाई बाघभैरव नाचको क्रममा बल बनाई अर्थात छाप्रो बनाई महिनौं सम्म नाच सिकाउने ठाउँमा राख्नका लागि गुथियारहरुले पहलकदमि गरेको थियो।

सो क्रममा केहि दिन अघि मात्रै टोलका कोहि ब्यक्तिले बाघभैरव गुथि घर अगाडीको जग्गा र गुथि घर समेत टोलको सार्वजनिक जग्गा हो र पनि अबरोध सिजर्ना गरेको सूत्रले बताएको छ। एक किसिमबाट धम्कीको भाषा नै प्रयोग गरेका कारण माली गुथिका गुथियार हरुलाई समस्या भएको हो। थांबहा: टोलमा रहेको माली गुथि घरको र जग्गाकै विषयमा अबरोध सिजर्ना भएपछि श्री बाघभैरव माली गुथिका गुथियार हरुलाई समस्या सिजर्ना भएको छ। तत्काल के गर्ने भन्ने विषयमा अप्ठ्यारो परेका कारण सरोकारवालाहरुलाई समेत सहभागी गराई एक छलफल कार्यक्रमको आयोजना गर्न लागेको थाहा भएको छ।

हजारौं बर्षअघिदेखि कीर्तिपुरको अमूर्त पहिचान बनेको बाघभैरव माली गुथिको जग्गा र गुथि घरमा समस्या आउनु भनेको कीर्तिपुरकै संस्कृतिमा समस्या आउनु हो भनी गुथियारहरुले बताउन थालेका छन्। भैरव, गणेश, सिंघिनी, ब्याग्रिनी र सप्तमातृका रहेको गथु प्याखं अर्थात बाघभैरव नाचलाई गं मखा:गु प्याखं पनि भन्ने गरिन्छ। यो नाच कीर्तिपुरमा मात्र हैन काठमाण्डौं र ललितपुरको दरवार स्क्वायरमा पनि देखाउनुपर्ने चलन रहेको छ। सो नाचलाई निरन्तरात दिने क्रममा गुथि घरमा गोप्य रुपमा प्रत्येक बर्ष मुकुण्डो विनाको नाच्नुपर्ने चलन समेत रहेको छ।

मालीहरुले निरन्तर मेहनत गर्दै कीर्तिपुरको पहिचानको रुपमा स्थापित सप्तमातृका सहितको गथु प्याखं अर्थात बाघभैरव नाच देखाउदै आएको अवस्थामा जुन समस्या सिर्जना भएको छ यो माली गुथिका गुथियारहरुको मात्र नभई समग्र कीर्तिपुरवासी र अझ विशेष गरि स्थानीय सरकारको रुपमा रहेको कीर्तिपुर नगरपालिकाका नव निर्वाचित जनप्रतिनिधिहरुले बुझ्नु जरुरी छ। यो समस्या तत्काल समाधान गर्न सकिएन भने कीर्तिपुरको संस्कृतिमा नै समस्या आउन सक्ने अवस्था छ। ऐतिहासिक नगर कीर्तिपुरको पुरानो वस्तीलाई प्राचिन वस्ती र पर्यटकिय केन्द्रको रुपमा विकास गर्ने भनी कीर्तिपुर नगरपालिकाका जनप्रतिनिधिहरुले बताईरहँदा कीर्तिपुरकै एक महत्वपूर्ण अमूर्त संस्कृति जुन संस्कृति मालीहरुले मात्र गर्न सकिने अवस्था र थांबाहा: टोलमा रहेको जग्गा र गुथि घरसंग सम्वन्धित भएका कारण यी समस्यालाई तत्काल समाधान गरि बाघभैरव नाचलाई निरन्तर दिने सवालमा समस्या नआउने गरि समाधान गर्नु पर्दछ। तत्काल देखिएको यो समस्या समाधानका लागि र बाघभैरव नाचलाई निरन्तरता दिनका लागि मालीहरुलाई उत्साहित बनाउन स्थानीय टोलवासीले पनि सकारात्मक भूमिका निर्वाह गर्नुपर्ने अवस्था देखिन्छ।



**दुई बर्ष अघि काठमाण्डौंको हनुमानढोकामा देखाइएको कीर्तिपुरको बाघभैरव नाच अर्थात गथु प्याखंको एक दृश्य। जुन दृश्यमा नाचकै क्रममा कालिकाले असुरलाई बध गर्न लागेको देखिन्छ।**

ADMISSION OPEN!

PUSHPASADAN

BOARDING HIGH SCHOOL, KIRTIPUR, KATHMANDU

+2 SCIENCE & MANAGEMENT

014331917
014331827
URL www.pushpasadan.edu.np
www.facebook.com/puspasadan
Email:puspasadan@gmail.com



| Grade of S.E.E. or Score in Entrance Test | Quota | Scholarship Offered Regd. | Annual | Monthly |
|---|---|---|---|---|
| 3.91 - 4.0 | 5 | 100% | 50% | 100% |
| 3.81 - 3.9 | 5 | 75% | 50% | 75% |
| 3.71 - 3.8 | 7 | 50% | 50% | 50% |
| 3.61 - 3.7 | 12 | 40% | 40% | 40% |
| 3.51 - 3.6 | 15 | 30% | 30% | 30% |
| 3.41 - 3.5 | 20 | 30% | - | 30% |
| 3.26 - 3.4 | 20 | 25% | - | 25% |
| 3.0 - 3.25 | 20 | 15% | - | 15% |
| PBHS Entrance Topper | (Sci-1/Mgmt-1) | Free | - | Free |
| School Topper | (Sci-1/Mgmt-1) | Free | - | Free |

50% discount in tuition fees for those students who have excellent performance in the field of games and sports (Only for 15 students in total)

OUR SALIENT FEATURES

1. Spacious and well designed and digitalized class rooms
2. Long term vision and strong management team
3. Regular tests to evaluate students projected progress
4. 3E - teaching methodology
5. 3P - environment and location
5. Scholarship given to deserving students
7. Competitive, scientific and practical classes in all streams
8. Highly qualified and long experienced facilitators
9. Well-researched course of study and lesson plan
10. Special classes on various aspects of life from prominent figures of Nepal and foreign
11. Career counseling to help students realize and materialize what they are born for
12. Impeccable system of administration with strict discipline for students, teachers and staff

*"Intelligence + Character is the goal of true education."*

कानुनी सल्लाहकार
ज्ञानबहादुर महर्जन
प्रकाशक
नजरराम महर्जन
(९८४१४०१०७७)
सम्पादक
श्रीकृष्ण महर्जन
प्रवन्धक
निरजमान सिंह

व्यवस्थापन
भरत महर्जन
वेभसाइट व्यवस्थापन
राज श्रेष्ठ
प्रेस: शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
कार्यालय: निखासी टोल: कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७
kirtipur_sandesh@live.com
http://kirtipursandesh.blogspot.com

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

## सम्पादकीय

# विकास निर्माणमा जनस्तरको सहयोगको सवाल

**स्थानीय सरकाको रुपमा रहेको कीर्तिपुर नगरपालिकामा जनप्रतिनिधिहरु आइसकेपछि विभिन्न किसिमका विकास निर्माणका कार्यहरु तिब्र गतिमा भइरहेको छ । विगतमा कर्मचारीले संचालन गर्दै आएको अवस्था र अहिले जनप्रतिनिधि भएको अवस्थामा जनताहरुले विकास निर्माणका कार्यहरुमा धेरै फरक भएको महसुस गर्न थालेका छन् । सडक सरसफाईदेखि सडक मर्मत, ढलान र पीच गर्नेदेखि खासी बजारको पोखरी सफा गर्ने कार्यलाई समेत प्राथमिकता दिदै नगरपालिकाका जनप्रतिनिधिहरु लागि परेका छन् ।**

**नगरपालिकाका वडा अध्यक्षहरुकै नेतृत्वमा वडा वडामा सडक सर सफाई अभियान संचालन भइरहेको समाचारहरु आएका छन । ती कार्यहरुमा स्थानीयवासीको अझ बढी सहभागीता आवश्यता रहेको देखिन्छ। त्यस्तै विभिन्न स्थानमा नगरपालिकाले छतको पानी सिधा सडकमा खसाल्ने कार्य भइरहेको अवस्थामा त्यस्तो कार्य नगर्नका लागि सूचना समेत सार्वजनिक गरेको अवस्था छ । बर्षातको समयमा छतवाट सिधा आउने त्यस्तो पानीले बटुवाहरुलाई मात्र नभई सडकमा समेत समस्या हुने भएकोले सो यस्तो अभियानलाई कीर्तिपुरवासीले साथ दिनुपर्ने देखिन्छ ।**

**कीर्तिपुर नगरपालिकाले गर्ने विकास निर्माणका कार्यहरु कीर्तिपुर नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीहरुको लागि मात्र नभई समग्र कीर्तिपुरवासीकै लागि भएको कुरा महसुस गरी नगरवासीले पनि राजनीतिक पूर्वाग्रह नराखी विकास निर्माणका कार्यलाई आ–आफ्नो स्थानवाट सहयोग गर्दा विकास निर्माण्को कायर्मा अझ तिब्रता पाउने कुरामा कसैको पनि दुई मत हुदैन ।**

लागू पदार्थ सेवन, गयो अमूल्य जीवन । हाम्रो चाहना, लागू पदार्थ रहित समाजको सिर्जना । असल साथीले लागू औषध खान आग्रह गर्दैन ।

नेपाल सरकार
सूचना तथा सञ्चार प्रविधि मन्त्रालय
सूचना विभाग

# नेपालमा बुद्ध धर्मको पुन:उत्थानमा धर्मादित्य धर्माचार्यको योगदान-४



**पुर्ण ताम्राकार**

**४.बौद्ध धर्म प्रेरित साहित्य रचना :**

धर्मादित्य धर्माचार्यले बुद्ध धर्मको उत्थान र उन्नतिको लागि पत्रिका, पुस्तक र लेखहरु प्रकाशन गर्नुको साथै बौद्ध धर्मबाट प्रेरित कविताहरु पनि रचना गरी प्रकाशन गर्नु भएको छ । उहाँको सम्पादन र प्रकाशनमा प्रकाशित "बुद्ध धर्म्म व नेपाल भाषा" पत्रिकामा मात्र उहाँको १८ वटा कविताहरु प्रकाशित भएका छन्। प्रकाशित ती कवितामा अधिकांश कविता बौद्ध धर्म्म र दर्शनबाट प्रभावित देखिन्छ । त्यसमध्ये "बुद्ध वन्दना", "छम्ह बुद्धपासकया स्तुति", बैशाख पुन्हिया महिमा" र "हे बुद्धनाथ संसार पारयाव" कविता मुख्य हुन् । "बैशाख पुन्हिया महिमा" कवितामा भगवान बुद्धको जन्म, बुद्धत्व प्राप्ति र महापरिनिर्वाण गरी तीन भागमा विभाजित गरी प्रत्येकको संक्षिप्त परिचय दिएको छ । यस्तै रागादि दोष, मोह, अन्धकार जस्ता दु:खको तत्व सबै निर्मूल गरी बुद्धले अष्टाङ मार्ग अनुसरण गरेको भावाभिव्यक्तिको कविता "हे बुद्धनाथ संसार पारयाव" हो । यस कवितामा संसारमा सबै पापबाट मुक्त हुने एउटै मात्र मार्ग अष्टाङ्गसिल हो भन्ने भावना धर्मादित्य धर्माचार्यले अभिव्यक्त गर्नु भएको छ । त्यस्तै "बुद्ध धर्म्म र नेपाल भाषा" पत्रिकामा उहाँको प्रकाशित २८ वटा लेख रचना मध्ये "बुद्ध धर्म्म" "बैशाख पूर्णिमाको महिमा" "नेपाल देशमा आदि धर्म बुद्ध धर्म्म" "बुद्ध धर्मको प्रश्नोत्तर" "भिक्षु भिक्षुणीको अर्ध व ज्या" "शिक्षा समुच्चय" "बुद्ध धर्मय् अहिंसा" आदि बुद्ध धर्म सम्बन्धी लेख रचनाहरु ज्यादै समसामयिक र महत्वपूर्ण छन् । "बुद्ध धर्मय् अहिंसा" नामक लेखमा प्राणि हिंसा बन्द गराउन आह्वान गुर्न भएको छ भने "शिक्षा समुच्चय" मा महायान बुद्ध धर्मको प्रमुख बारेमा संक्षिप्त चर्चा गर्नु भएको छ ।

**५.धर्मादित्य धर्माचार्यको विदेशमा बुद्ध धर्म्म सम्बन्धी क्रियाकलाप :**

धर्मादित्य धर्माचार्यले बुद्ध धर्मको उत्थान र उन्नतिको लागि गर्नु भएको योगदानको वारेमा विवेचना गर्दा भारतमा रहनु भई गर्नु भएको विभिन्न क्रियाकलापको बारेमा विवेचना नगर्दा उहाँको योगदानको विवेचना अपूरो हुन्छ । त्यसैले उहाँले भारतमा रहि गर्नु भएको क्रियाकलापको संक्षिप्त उल्लेख गर्दैछु ।

नेपालको साथै विश्वमा नै बुद्ध धर्मको उत्थान र उन्नति भएको हेर्ने सुन्दर अभिलाषा राख्ने बौद्ध व्यक्तित्व धर्मादित्य धर्माचार्य हो । उहाँले बुद्ध धर्मको व्यापक प्रचार प्रसार गर्नको लागि नै नेपाल भाषा र नेपालीको साथै अंग्रेजी, हिन्दी र वंगालि भाषामा पनि बुद्ध धर्म सम्बन्धी पत्रिका प्रकाशित गर्नु भएको थियो । यस्तै कतकत्ता गइ व्यवसाय गर्ने बौद्धमार्गी नेपालीहरुको बिचल्ली भै खानपिन र वसोवासको व्यवस्था नभएकोले त्यसको व्यवस्था गर्न र बुद्ध धर्म भनेको के हो, त्यसको के कति महत्व छ र त्यस अनुसार आचरण गर्न सकोस भन्ने उद्देश्यले ने.सं.१०४६ माघ श्री पंचमीका दिन "नेपाली बुद्धमार्गि संघ" को गठन गर्नुभयो । भारतमा बुद्ध धर्मको व्यापक प्रचार प्रसार गर्ने उद्देश्यले बंगालि बौद्ध संस्था "धर्माकुर सभा" मा सम्पर्क राखि कलकत्तामा "धर्माकुर विहार" को सचिव भै सन १९२८ को अन्तमा "अल इण्डिया बुद्धिस्त कन्फरेन्स" को आयोजना गर्नु भयो । यस्तै धर्मादित्य धर्माचार्य बाट ने.सं.१०४९ जेष्ठ कृष्ण चतुर्दशीको दिन कालिम्पोङमा नेपाली बौद्ध शिक्षालय (Nepali Buddhist Institute) को स्थापना, ने.सं.१०५० पौषमा कलकत्तामा भएको बौद्ध युवक महासभाको व्यवस्थापक र ने.सं.१०५१ चैच पूर्णिमा (सन १९३१ अप्रिल २-४) मा भएको अखिल भारतीय बौद्ध महासभाको प्रमुख भै कार्यभार सम्पन्न गर्नु भएको थियो। त्यस्तै उहाँकै सक्रियतामा कलकत्तामा धर्मराजिक विहारमा बुद्धको मूर्ति प्रतिस्थापित गर्नु, बेलायतमा पुगिराखेको सारिपुत्र र मौदगल्यानको अस्थि भारतमै फिर्ता गराउन आन्दोलन गर्नु, बुद्धगयाको बौद्ध मन्दिरमा हिन्दु महन्तहरुले सयौं वर्ष अघिदेखि अधिपत्य जमाउँदै आएको त्यस मन्दिरमा बौद्धहरु राख्नु पर्छ भनी गरेको आन्दोलनमा सक्रिय सहभागी हुनु जस्ता क्रियाकलापले भारतमा बुद्ध धर्मको प्रचार प्रसार भै बुद्ध धर्मको संरक्षण र सम्बर्द्धन गर्न सघाउ पुऱ्याएको थियो भन्दा अत्युक्ति हुँदैन ।

६. विविध क्रियाकलाप :

धर्मादित्य धर्माचार्यले बुद्ध धर्मको उत्थान र उन्नतिको लागि माथि उल्लेखित क्रियाकलापको अतिरिक्त नेपालमा अन्य क्रियाकलापहरु पनि गर्नु भएको थियो । यसै क्रममा जिर्ण भएर भत्किराखेको किन्दोल विहारको जिर्णोद्धार पनि उहाँकै सक्रियतामा सम्पन्न भएको थियो । उहाँकै सक्रियतामा बैशाख पूर्णिमाको दिनमा नेपालमा बुद्ध जयन्ति मनाउने प्रचलन हुनुको साथै लुम्विनिको मायादेवीको मूर्तिमा वलि पूजा बन्द गर्न प्र.म. चन्द्र शम्शेरलाई अनुरोध गरी ने.सं.१०४५ (सन् १९२५) मा त्यहाँ बलि पूजा गर्न बन्द गराइयो। बौद्ध मार्गिहरुले श्रावण महिना (गुंला)मा बौद्ध विहारमा हप्ता दिनसम्म प्रदर्शनीको लागि राखिने बौद्ध मूर्तिहरु, मूर्तिकला, चित्रकला (पौभा) अवलोकन गर्ने प्रचलन छ । त्यसरी प्रदर्शनका लागि राखिने मूर्तिहरु, मूर्तिकला र चित्रकलाको अवलोकन मात्र नगरि त्यसबारे अध्ययन र अन्वेषण गर्न धर्मादित्य धर्माचार्यले ने.सं.१०७३ मा "बौद्ध अनुसन्धान मण्डल" को गठन गर्नुभयो । त्यस मण्डलको सदस्यमा रहि शोधकार्य गरी पं.हेमराज शाक्यले "बौद्ध कला अनुसूचि माला" तयार गर्नुभएको थियो । उहाँको यी विभिन्न क्रियाकलापबाट जनमानसबाट जनमानसमा बुद्ध धर्म प्रति जागृत गर्नु सघाउ पुऱ्यायो ।

सार-संक्षेप :

धर्मादित्य धर्माचार्य ( ने.सं.१०२२-१०८३) नेपालको शहिद शिरोमणि शुक्रराज शास्त्री (ने.सं.१०१३-१०६१), भिक्षु धम्मालोक महास्थविर ( ने.सं.१०१३-१०८८), बौद्ध ऋषि महाप्रज्ञा (ने.सं. १०२१-१०९९) का समकालिन व्यक्ति हुन् । त्यसमध्ये महाप्रज्ञा नेपालमा थेर बाद भित्राउने पहिलो बौद्ध ऋषि हो । धर्मादित्य धर्माचार्यको जीवनले युवा अवस्थामा मात्र प्रवेश गर्दा अनागरिक धर्मपालसित सत्संग भयो। ज्यादै कम समयमा नै धर्मपालबाट धर्मादित्य धर्माचार्य ज्यादै प्रभावित हुनु भई बुद्ध धर्म प्रचार प्रसार कार्यमा सक्रिय रुपले लाग्नुभयो । उहाँको यो बुद्ध धर्मप्रति क्रियाशिलता र बौद्ध आचरणबाट धर्मपाल पनि अति प्रभावित भएको देखिन्छ । यो कुरा भरखर २० वर्ष उमेर पुगेका जगतमान बैद्यलाई धर्मपालले "धर्मादित्य" उपाधि दिएबाट स्पष्ट गर्छ। जगतमान वैद्य धर्मादित्य धर्माचार्य भए पछित उहाँले अष्टशील पालन गरी बौद्ध भिक्षु जीवन प्रारम्भ गर्नु भयो। त्यसबेलादेखि उहाँले बुद्ध धर्मको प्रचार प्रसारमा दिलो ज्यान दिइ लागे । यसैक्रममा नेपालभाषा, नेपाली, हिन्दी, वंगाली र अंग्रेजी भाषाको माध्यमबाट उहाँ आफै सम्पादक र प्रकाशक भै बौद्ध पत्रिकाहरु निकाल्नु भयो । त्यसमध्ये सबैभन्दा बढी अवधिसम्म निस्केको पत्रिका "बुद्ध धर्म व नेपाल भाषा" पत्रिका हो भने अंकको आधारमा सबैभन्दा बढी अंक निस्केको पत्रिका "हिमालय बौद्ध" हो । यसरी विभिन्न भाषामा पत्रिका प्रकाशन गर्नु भइ, बौद्ध धर्म र दर्शन सम्बन्धी गहकिला लेख रचनाहरु लेखि प्रकाशित गरी, देश विदेशका बौद्ध सम्मेलन गर्न लगाई र त्यस्ता सम्मेलनमा आफु स्वयं सक्रिय भइ सहभागि हुने तथा बौद्ध धर्मको प्रचार सामुहिक रुपले गर्न गराउन देश विदेशमा विभिन्न बौद्ध सम्बन्धी संघसंस्थाहरु प्रतिस्थापन गर्ने र त्यसको मुख्य प्रचारक, संगठनकर्ता उहाँ स्वयं हुने आदि क्रियाकलापबाट नेपालको साथै भारतमा पनि बुद्ध धर्मको संरक्षण, सम्बर्धन र उन्नति गर्नमा धर्मादित्य धर्माचार्यको अविस्मरणिय योगदान रह्यो । यसै विषयलाई लिएर १९ सौं शताब्दीका विश्व प्रसिद्ध बौद्ध विद्वानहरु मध्ये एका फ्रान्सका आचार्य सिल्भेन लेभि (१८६३-१९३५) ले उहाँलाई पठाएको पत्रमा लेख्नु भएको - You are sure to acquire in that way a twofold k'0o , first by helping Newar Buddhist how have become so ignorant, to recover a knowledge of their beautiful Sanskrit books, so wonderfully preserved in Nepal; next by helping western scholars in acquiring some knowledge of the Newari language jfSoaf6 धर्मादित्य धर्माचार्यबाट सिल्भेन लेभि प्रभावित थिए भन्ने कुरा स्पष्ट गर्छ ।

साँचै भन्ने हो भने बुद्ध धर्मको उत्थान र उन्नतिको लागि धर्मादित्य धर्माचार्यले के मात्र गर्नु भएन ? उहाँले आफ्नो विवेकले भ्याएसम्म, गर्न सक्ने र गरेर हुन सक्ने सम्म कार्य गरी बुद्ध धर्मको सेवा गरेर जानु भएको छ । हुनत नेपाल भाषा साहित्य उत्थानमा पनि उहाँको योगदान कम छैन। बुद्ध धर्ममा जस्तै नेपाल भाषा साहित्यको संरक्षण र सम्बर्द्धन गरी भाषा र साहित्य सेवा गर्नु भएकोले धर्मादित्य धर्माचार्यलाई नेपाल भाषा *बाँकी १२ पेजमा*

हार्दिक बधाई

मेगस इङ्गलिस स्कूलबाट एस.ई.ई.२०७३ सालको परीक्षामा शत प्रतिशत उतीर्ण हुन सफल भएकोमा सम्पूर्ण विद्यार्थीहरुलाई हार्दिक बधाई ज्ञापन गर्दछौं ।




बाघभैरव बचत तथा ऋण सहकारी संस्था लि.

नयाँबजार, कीर्तिपुर-९

# मङ्गल मा.वि.मा बधाई तथा दिक्षान्त समारोह



कीर्तिपुरको नयाँबजारस्थित मङ्गल माध्यमिक विद्यालयले गत असार १५ गते एक कार्यक्रमका बीच एसईई २०७३ परीक्षामा उत्तीर्ण विद्यार्थीहरुलाई बधाई दिनुको साथै दिक्षान्त गरियो ।

कक्षा १० मा अध्ययनरत विद्यार्थी अपर्णा उपाध्यायको सभापतित्वमा भएको उक्त कार्यक्रमको प्रमुख अतिथी कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनले पानसमा दीप प्रज्वलन गरी उद्घाटन गर्नु भएको थियो । अन्य अतिथीहरुमा विद्यालय निर ीक्षक मोतीराज खनाल, श्रोत व्यक्ति बासुदेव रेग्मी, मङ्गल बहुमुखी क्याम्पस प्रमुख प्रदिप महर्जन, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अमन महर्जन लगायत विभिन्न पुरस्कार दाताहरुका उपस्थिति रहेका थिए ।

सहप्रधानाध्यापक नीलकण्ठ महर्जनले स्वागत मन्तव्य दिनु भएको थियो । प्रमुख अतिथी रमेश महर्जनले विद्यालय उत्कृष्ट विद्यार्थीहरुलाई बधाई तथा पुरस्कृत गर्दै आफ्नो मन्तव्य राख्नेक्रममा भन्नुभयो, “उच्च शिक्षाका लागि विषय छान्दा आफूलाई जुन विषय सजिलो लाग्छ त्यही विषय रोज्नु पर्छ । आफ्नो इच्छावेगर अर्काको लहैलहैमा लाग्नु हुँदैन ।”

कक्षा १देखि ५ सम्मका वार्षिक परीक्षामा उत्कृष्ट विद्यार्थीहरुलाई वि.व्य.स.का अध्यक्ष अमन महर्जनले र कक्षा ६देखि१० सम्मका वार्षिक परीक्षामा उत्कृष्ट विद्यार्थीहरुलाई श्रोत व्यक्ति बासुदेव रेग्मीले छात्रबृत्ति प्रदान गर्नु भएको थियो ।

त्यस्तै एसईई परीक्षामा बी र सी प्लस ल्याएर पास हुने विद्यार्थीहरुलाई विद्यालय निरीक्षक मोतीराज खनाल र ए प्लस देखि बी प्लस ल्याउने विद्यार्थीहरुलाई प्रमख अतिथी रमेश महर्जनले सम्मान गर्दै मायाको चिनो प्रदान गरिएको थियो । ए प्लसमा पास हुने विद्यार्थीहरुलाई अस्तमाया गणित पुरस्कार भरतवहादुर महर्जनले प्रदान गर्नुभयो । जीपीए ३.६५ अंक ल्याई स्कुल टपर हुन सफल नन्दन सिंह र रुस्तम काफलेलाई नीलकण्ठ पुरस्कार दाता नीलकण्ठ अमात्यले प्रदान गर्नु भएको थियो । साइन्समा स्कुल टपर हुन सफल रुस्तम काफ्लेलाई रत्न साइन्स पुरस्कार दाता रत्नवहादुर महर्जनले प्रदान गर्नुभयो । त्यस्तै लोक साइन्स पुरस्कार साइन्स शिक्षक एवं नि.प्रधानाध्यापक लोकलाल महर्जनले रुस्तम काफ्लेलाई प्रदान गर्नुभयो । एचपीई विषयमा स्कुल टपरलाई दिइने कृष्ण हिर ा पुरस्कार पूर्ण बहादुर महर्जनले प्रदान गर्नुभयो । त्यस्तै अंग्रेजी विषयमा स्कुल टपरलाई दिइने पंचुलाल पुरस्कार धौमई महर्जनले नन्दन सिंहलाई प्रदान गर्नुभयो । त्यस्तै स्कुल टपरलाई दिइने ज्ञान पुरस्कार ज्ञानु राजा महर्जनले जीपीए ३.६५ समान अंक ल्याएका नन्दन सिंह र रुस्तम काफ्लेलाई प्रदान गरियो ।

मङ्गल स्कुलमा कक्षा १ देखि १० सम्मा निरन्तर अध्ययन गर्दै आएका उत्कृष्ट विद्यार्थी जीपीए ३.४० ल्याउने राजन राज शाहलाई दिल-चन्द्र निरन्तर पुरस्कार अशोक महर्जनले प्रदान गर्नुभयो । र ोनित डट कम पुरस्कार शिक्षक रोनित महर्जनले नन्दन सिंहलाई प्रदान गर्नुभयो । लेखा विषयमा स्कुल टपरलाई दिइने ज्यानमाया स्मृति पुरस्कार ओम कुमार पाललाई श्रीमती भावना महर्जनले प्रदान गर्नुभयो । त्यस्तै स्कुल टपरलाई दिइने ओम पदक नन्दन सिंहलाई पुरस्कार दाता कोअर्डिनेटर सिद्धिवहादुर महर्जनले प्रदान गर्नुभयो ।

पुरस्कार वितरण पछि आफ्नो मन्तव्य राख्ने क्रममा ओम पदक दाता सिद्धिवहादुर महर्जनले मङ्गल स्कुल सामुदायीक विद्यालयहरुमा उत्कृष्ट विद्यालय हुन सफल भएको छ । यो सफलतामा शिक्षक, अभिभावक, विद्यालय प्रशासन सबैको उतिकै योगदान रहेको छ । यो पुरस्कृत गरिने परम्पराले विद्यार्थीहरुमा उत्कृष्ट हुने होडवाजीका कारण परीक्षा नतिजा राम्रो भएको बताउनुभयो । उहाँले पास हुने विद्यार्थीहरुको उज्वल भविष्यको कामना गदै बधाई दिनुभयो ।

जीपीए ३.६० देखि माथि ल्याउने विद्यार्थीहरुलाई दिइने मङ्गल क्यास प्राइज प्रमुख अतिथी मेयर रमेश महर्जनले नन्दन सिंह जीपीए ३.६५, रुस्तम काफ्ले जीपीए ३.६५, मनीषा रावत जीपीए ३.६० र ओम कुमार पाल जीपीए ३.६० लाई प्रदान गर्नुभयो । उक्त कार्यक्रममा दिक्षीत भएका विद्यार्थीहर मध्येबाट नन्दन सिंह र मनीषा रावतले मन्तव्य राखेका थिए । वि.व्य.स.का अध्यक्ष अमन महर्जनले पनि दिक्षीत भएका विद्यार्थीहरुलाई बधाईको साथै उज्वल भविष्यको कामना गर्नुभयो । धन्यवाद मन्तव्य दिनेक्रममा निमित प्रधानाध्यापक लोकलाल महर्जनले विद्यालयको गतिविधि र प्रगतिको बारेमा संक्षिप्त जानकारी दिनुहुँदै प्लस टु पढ्न चाहने विद्यार्थीहरुको लागि आफनै विद्यालयमा पनि प्लस टु को पढाई हुने जानकारी दिनुभयो । पहिलो चरणको कार्यक्रम पछि विद्यार्थीहरुले सांस्कृतिक कार्यक्रम पनि प्रस्तुत गरिएको थियो ।


कल इण्डिया ....

मात्र रु.२.९० प्रति मिनेट

साथै कतार, साउदी अरेबिया, यू.ए.इ., बहराइन र कुवेतमा फोन गर्दा अब मात्र रु.१२ प्रति मिनेट ।

**फोन गर्ने तरिका :**

१४२४ + कन्ट्रिकोड + फोन नं.

थप जानकारीको लागि :

नोटिसबोर्ड नं.१६१८ ०७०७ ११११११ मा डायल गरी सुन्न सक्नुहुनेछ । उल्लेखित महसुल दरमा नेपाल सरकारको नियमानुसार लाग्ने कर समावेश गरिएको छैन ।

नेपाल टेलिकम

ADMISSION OPEN!

+2 SCIENCE & MANAGEMENT

Special Discount for South Region Topper

Entrance Date: 2074/03/23

| S.No. | GPA (SEE or Entrance Exam) | Monthly | Annual Fee | Registration |
|---|---|---|---|---|
| 1 | 3.91 to 4.00 | 100% | 75% | 75% |
| 2 | 3.71 to 3.90 | 75% | 75% | 50% |
| 3 | 3.61 to 3.70 | 50% | 50% | 50% |
| 4 | 3.41 to 3.60 | 50% | 50% | 25% |
| 5 | 3.21 to 3.40 | 25% | 50% | |
| 6 | 3.01 to 3.20 | 25% | 30% | |
| 7 | 2.81 to 3.00 | 25% | 20% | |
| 8 | 2.61 to 2.80 | 20% | 20% | |
| 9 | 2.41 to 2.60 | 10% | 20% | |

Salient Features

1. Well- equipped bilogy, chemistry and physics labs.
2. Computer lab with internet facility.
3. Homely and natural school environment.
4. Experience and dedicated teachers.
5. Smart classes (Digital classes)
6. Career development and counselling facilities.
7. Homely and hygienic canteen facility

20 49

RARAHIL MEMORIAL SCHOOL
राराहिल मेमोरियल स्कूल
Kirtipur, Kathmandu, Nepal
Contact No. 4330121

Be Smart. Be Good

Email: rarahil@mail.com.np Ph: 4331248,4331249

# Congratulations !

Congratulation to all the SEE graduates of 2073.
We are proud of our achievements of 100% successful SEE result.




